# आरुघाट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## आरुघाट, गोरखा

# वार्षिक नीति तथा कार्यक्रम

## आ.ब २०८०/०८१

प्रस्तोता

**राजु गुरुङ**

**अध्यक्ष**

मिति : २०८० असाढ १० गते

आरुघाट गाउँपालिकाका उपाध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

वडा अध्यक्षज्यूहरु,

गाउँ कार्यपालिकाका सदस्य ज्युहरु,

सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

गाउँपालिकाका कर्मचारीहरु,

नागरिक समाज, पत्रकार, सुरक्षाकर्मीहरु, बुद्धिजीवी एवम् यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,

सम्पूर्णमा आरुघाट गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित तेह्रौं गाउँसभामा हार्दिक स्वागत गर्दछु ।

मुलुक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रहेको छ, यस व्यवस्थाको सुन्दर पक्ष समावेशी लोकतन्त्रको मुलुकमा रहेका विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बीहरुमा समान पहुँच, सामाजिक न्याय, हकहित. विकास, समुन्नतीका निमित्त आरुघाट गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम निर्माण गरेको छ । गाउँपालिकावासीको विकासको चाहना, अघिल्लो आर्थिक बर्षमा रहेका अधुरा कार्यक्रमहरु, बुद्धिजीवी, विज्ञ तथा सरोकारवालाहरुबाट आएको सुझाव आत्मसात गर्दै समग्र गाउँपालिकाको नीतिगत मार्गनिर्देशन गर्ने यस गाउँसभामा आ.व. २०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।
प्रथमत म यस सुखद अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै विभिन्न द्वन्द्वकालका घाईतेहरूको शिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु ।

अब म संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता, स्वाधीनता र रक्षाको निमित्त विभन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरुको सम्झना एवं सम्मान स्वरुप १ मिनेटको मौन धारणका निमित्त सबै सभा सदस्यज्यूहरु र अन्य महानुभावहरुलाई उठ्नको लागि अनुरोध गर्दछु।
धन्यवाद...............

गाउँपालिकामा जनप्रतिनिधि सहितको स्थानीय सरकार संचालन भएको पहिलो कार्यकालको ५ बर्ष पूरा गरी हामी नवनिर्वाचित जनप्रतिनिधिहरु दोस्रो कार्यकालको दोस्रो बर्षमा प्रवेश गर्दैछौं । गएका वर्षहरुमा कोरोना भाइरस महामारी रूस- युक्रेन युद्ध आदि विविध कारणले विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरुमा मन्दी आएको तितो वास्तविकता हामी समक्ष विद्यमान छ । यसको प्रत्यक्ष एवम् अप्रत्यक्ष प्रभाव हामीमा पनि परेकै छ । यसको प्रभाव स्वरुप संघ र प्रदेशबाट हामीलाई प्राप्त हुँदै आएको समानिकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान लगाएतका बजेटमा पनि भारी मात्रामा कटौति भएको छ । यसका साथै पालिकाको आन्तरिक स्रोतमा समेत अपेक्षाकृत वृद्धि हुन सकेको छैन । यति हुँदा हुँदैपनि हामी समक्ष विद्यमान स्रोत र साधनहरुको उच्चतम प्रयोग गरी सम्वृद्ध आरुघाट गाउँपालिका निर्माणको अभियानमा निरन्तर अगाडि बढ्न हामी दृढ संकल्पित छौं । कृषीमा आधारित ग्रामिण अर्थतन्त्रको विकास गरी स्वरोजगारको माध्यमद्वारा सम्वृद्ध आरुघाट निर्माण गर्ने यस योजनामा सरोकारवाला सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा समेत गरेको छु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।यस आरुघाट गाउँपालिकालाई समुन्नत, नमुना योग्य गाउँपालिका विकासशील बनाउनका निम्ति नीति, योजना र कार्यक्रम तर्जुमा गर्न विभिन्न चरणमा सहयोग पुर्याउनुहुने उपाध्यक्षज्यू, अन्य

जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनीतिक, शैक्षिक, सामाजिक, प्रशासनिक, वुद्धिजीवी वर्ग साथै मेरा शुभ चिन्तक गाउँपालिकावासी दाजुभाई, तथा दिदिबहिनिहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

राज्यको पूर्न संरचना पछिको दोस्रो स्थानीय निर्वाचनबाट अभूतपूर्व आशा र भरोसा गरी यस गाउँपालिकालाई **"सम्मुनत, खुसी र सुखी आरुघाट गाउँपालिका"** निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमका क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गरेको छु।

***नीति तथा कार्यक्रमको मूल लक्ष्य :-***

आरुघाट गाउँपालिकामा पालिका स्तरीय र वडा स्तरीय गौरवको आयोजनाहरु किटान गरी **"एक वडा एक पहिचान, एक गौरवको योजना हाम्रो अभियान"** रहने लक्ष्य लिएका छौँ। साथै आगामी बर्षमा संचालन हुने सबै कार्यक्रमहरु प्रतिफलमुलक, दिगो तथा समावेशी विकासको लक्ष्य तर्फ उन्मुख रहने विश्वास लिएका छौं। नेपालको संबिधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकार आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीति, प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीति, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य स्थानीय तह सञ्चालन सम्बन्धी ऐन, नियमावालीका प्रावधानहरु साथै यस आरुघाट गाउँपालिकाले तयार गरेको आवधिक योजनालाई आधार मान्दै योजनाहरु छनौट गर्ने र आवधिक योजनामा संशोधन आवश्यक परेमा सो अनुरुप गरी भविष्यमा योजना तथा बजेट बिनियोजन आवधिक योजना बमोजिम हुने व्यवस्था मिलाइने प्रण गर्न चाहन्छौ।

**बिषयगत क्षेत्रमा आगामी आ.व.मा निम्न नीति तथा कार्यक्रम लिइनेछ।**

**आर्थिक बिकास**

**क) कृषि तथा पशु**

१. कृषि तथा पशुपालनलाई व्यवसाय मुलक बनाउन एवं उच्च उत्पादन तर्फ जोड दिइनेछ। कृषकहरुलाई सामुहिक रुपमा ठुलो परिमाणमा उत्पादनमुखी व्यवसाय गर्न जोड दिइनेछ।

२. गाउँपालिकाको बिभिन्न स्थानको माटो परिक्षण गरी उपयुक्तताको आधारमा कृषि उत्पादनको लागि प्रदेश सरकार र संघ सरकार संगको समन्वयमा पकेट, ब्लक एवं जोन उत्पादन क्षेत्रहरु संचालन कार्यलाई निरन्तरता दिईनेछ।

३. हावापानी र माटो अनुसारको नगदे बाली उत्पादनमा कृषकहरुलाई अभिप्रेरित गरिने छ।

४. आगामी बर्ष भित्र कृषक बर्गीकरण कार्यक्रम सम्पन्न गर्दै कृषक समुहको सूचीकरण गरी कृषि तथा पशु सेवालाई सरल र सुबिधायुक्त ढंगबाट कृषक समुह तथा संजाल मार्फत परिचालन गर्न जोड दिइनेछ।

५. कृषि तथा पशु प्रसार कार्यक्रम अन्तर्गत औषधि, परजीवी नियन्त्रण, घुम्ती पशु स्वास्थ्य शिबिर, घुम्ती बालि उपचार शिबिर कार्यलाई निरन्तरता दिइनेछ। कृषकहरुलाई समयानुकुल आधुनिक तथा व्यवसायिक किसिमका तालिमको प्रवन्ध मिलाइनेछ।

६. गाउँपालिकामा पशुपन्छिमा विभिन्न किसिमका महामारीजन्य रोग फैलिई पशुधनहरुको ठुलो संख्यामा क्षेति भई आर्थिक नोक्सानी बेहोर्नु परेकोले संघिय सरकारको नीति अनुसार एक गाउँपालिका एक भेटेरिनरी डाक्टरलाई व्यवस्थापन गरिनुको साथै भौगोलिक विकटताको कारणले एक वडा एक पशु प्राविधिकको पहल गरिनेछ।

७. गाउँपालिकामा घाँस तथा फलफुल लगायतको बोटबिरुवा उत्पादनको लागि स्थापना भएका नर्सरीलाई उत्पादनको आधारमा प्रोत्साहन गरिदै लगिने छ।

८. गाउँपालिकामा दुग्ध,मासु र अन्डा उत्पादनको क्षेत्रमा आत्मनिर्भर हुनको लागि पशुपन्छीको नश्ल सुधार, भकारो एवं गोठ सुधार र चरण खर्क सुधार कार्यक्रमलाई आवश्यकता अनुसार सुधार गर्दै लगिनेछ।

९. कृषकहरुको पशु धनको क्षतिलाई न्यूनीकरण गर्न कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरिनेछ।

१०. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नको लागि हिउँदे र बर्षे सिंचाइको व्यवस्था गरिनेछ। सिंचाई कार्यक्रम संचालन गर्दा बहुसंख्यक जनतालाई सुविधा दिनसक्ने गरि कृषक समूह/सहकारीलाई समेटिनेछ।

११. नेपालमै रहेका एवं विदेशबाट फर्किएर आएका युवाहरुलाई कृषि तथा पशुपालन व्यवसायमा आफुले सिकेका ज्ञान सिप र प्रविधिको आधारमा बिकास गर्नको लागि उचित सहयोगको व्यवस्था गरिनेछ।

१२. कृषि तथा पशुजन्य उत्पादनलाई बजारको उपयुक्त पहुँचको गाउँपालिकामा एक कृषि तथा पशु हाट बजार व्यवस्था गर्नुका साथै गाउँपालिका भन्दा बाहिरको क्षेत्रमा समेत बजार व्यवस्थापनको लागि कृषि सहकारीहरुको परिचालन गर्ने एवं प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्दै थप बजार व्यवस्थापनको लागि बिज्ञ सहितको बृस्तित अध्ययन टोलि गठन गरि आवस्यकताको पहिचान गरिनेछ।

१३. गाउँपालिका भित्रका किसानहरुले उत्पादन गरेको कृषि उपज वस्तुहरु तरकारी, फलफुल संकलन, भण्डारण, चिस्यान केन्द्र(Cold Store) साथै पशु केन्द्र स्थापनाको लागि समन्वय तथा पहल गरिनेछ र आरुघाट दुग्ध सहकारी संस्थाको अनुगमन नियमन गरी दुग्ध सहकारीलाई थप व्यवस्थित ढंगबाट संचालन गरिनेछ। साथै दुग्ध सहकारीको प्रभाकारी संचालनको लागि अन्य स्थानीय तहको सहकार्य र समन्वयमा कार्य गरिनेछ।

१४. गाउँपालिका भित्र खेती योग्य जमीन बाँझो बस्ने समस्या बढिरहेकोले बाँझो जग्गामा सामुहिक वा व्यक्तिगत स्तरमा खेति गर्न चाहनेलाई प्रोत्साहन गरिनेछ। साथै जमिन बाँझो राख्ने व्यक्तिहरुलाई कृषि अनुदानका कार्यक्रममा समावेश नगरिने नीति लिइनेछ।

१५. "एक बिद्यालय एक करेसाबारी स्थापना, शुद्ध तरकारीको सदुपयोग दिवा खाजामा उपयोग" भन्ने मूल मन्त्रका साथ नमुनाका रुपमा माध्यमिक विद्यालयमा अर्गानिक करेसाबारीको स्थापना गरिनेछ

**ख) उद्यमशीलता,उद्योग तथा व्यवसाय**

१. उद्यमशीलताबिकास कार्यक्रम अन्तर्गत यस अघि नै सिप सिकेका व्यक्तिहरुलाई पुनर्ताजगी तालिम मार्फत रिफ्रेश गराई थप सीप विकास गरी स्तरउन्नति गरिनेछ।

२. आरुघाट गाउँपालिकाको वडा नं. ५ वयाकमा बनाउने भनिएको उद्योगग्रामको घोषणाको लागि विशेष विज्ञहरु अध्ययन अनुसन्धान गराई सम्भाव्यता अध्ययन गरिनेछ। उद्योगग्राममा जडीबुटीहरुको प्रशोधन केन्द्र स्थापना गर्नमा सबै पक्षसँग समन्वय गरिनेछ।

३. गाउँपालिकाभित्र १० वटै वडामा रहेका व्यवसाय, उद्योग एवं बाणिज्य फर्महरुलाई व्यवसाय दर्ताको दायरामा ल्याई तथ्यांक अद्यावधिक गरी सबै उद्योग व्यवसायलाई करको दायरामा ल्याइनेछ।

४. संघीय सरकारको शसर्त अनुदानको लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संग सहकार्य गरी नयाँ उद्यमी सिर्जना, प्रविधि हस्तान्तरण, उद्यमीहरुको क्षमता विकासको लागि बजेट व्यवस्थापन गरिनेछ।

५. आरुघाट गाउँपालिकाले उद्यमशिलता विकास, सीपविकास गराई अनुदानमा दिइएको औजार, प्रविधिको अनुगमन र नियमन गरी प्रयोगको अवस्था एकिन गरी आवश्यक कार्ययोजना बनाइनेछ।

६. स्थानीय स्तरमा उत्पादित कोदोको रक्सिलाई ब्रान्डीङ्ग गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

**ग) पर्यटन तथा संस्कृति प्रबर्धन**

१. आरुघाट गाउँपालिका अन्तर्गत विस्तृत अध्ययन प्रतिवेदन (DPR) भएका सांस्कृतिक, पर्यटकीय एवम धार्मिक क्षेत्रहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। निर्माण सुरु भएका क्षेत्रमा उचित बजेटको व्यवस्था गरिने छ।

२. आरुघाट गाउँपालिका भित्रका साहसिक पर्यटन विकासको सम्भावना बोकेका धार्मिक स्थल, पर्यटकीय स्थल, प्राकृतिक गुफा लगायतको क्षेत्रको विकास तथा बन्जी जम्प, रक क्लाइमिङ, साहसिक पद यात्रा जस्ता क्षेत्रको विकासका लागि DPR गरिनेछ। सम्भावित पर्यटकीय स्थलको विकासका लागि निजी क्षेत्रलाई आकर्षित गरि उक्त स्थलहरु लिजमा दिने व्यवस्थालाई अगाढी बढाइनेछ।

३. पर्यटन विकासका लागि धार्चे गाउँपालिका संगको समन्वय र सहकार्यमा धुनिखोप झरनामा जीप लाइनको विकासको लागि अध्ययन अनुसन्धान गरिनेछ। साथै पर्यटकीय सम्भावना बोकेका थप पदमार्ग, प्राकृतिक स्थल र संरचनाहरुको सम्भाव्यता अध्ययन गर्दै कार्यान्वियन गर्ने तर्फ पहल गरिनेछ ।

४. ग्रामीण पर्यटनलाई प्रवर्धन गरी पर्यटन व्यवसायबाट गाउँपालिकाको राजस्व अभिवृद्धि गर्न युवाहरुलाई ट्रेकिङ गाइड तालिम तथा होमस्टेको विकास, विस्तार तथा दर्ता गरी होमस्टे संचालकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

५. "एक वडा एक पार्क" को लक्ष्य लिई सोही अनुरुप कार्यक्रम तर्जुमा गरी कार्यन्वयनमा लगिनेछ।

६. पर्यटन प्रवर्धनको लागि देश तथा विदेशका शहरहरुसंग भगिनी सम्बन्ध कायम गराउन आवश्यक कार्य गरिनेछ।

**घ) सहकारी तथा भुमि व्यवस्थापन**

१. आरुघाट गाउँपालिका भित्रका सहकारी संस्थाहरुको अनुगमन र नियमन गरी वस्तुगत स्थिति पत्ता लगाई सहकारीको मुल्य मान्यता अनुरुप संचालनमा ल्याइनेछ, सहकारी संघको समन्वयमा स्थानीय तह, सहकारी र निजी क्षेत्रबीचको साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

२. गाउँपालिका भित्र सहकारी मार्फत परिचालन भएको पुंजीबाट जनताको आय आर्जन प्रवर्धन तथा कृषिको उत्पादकत्व बढाउन आवश्यक पहल कदमी लिइनेछ।

३. भूमिहीन सुकुम्बासी तथा अवेवास्थित वसोवासीहरुलाई राज्यको नीति अनुरुप राष्ट्रिय भुमि आयोग मार्फत उनीहरुको समस्या समाधान गर्दै जग्गाधनि पुर्जाको वितरण कार्यको थालनी गरिनेछ।

४. बुढी गण्डकी जलविद्युत आयोजनाको कारण डुबानमा पर्ने गाउँपालिकाको प्रशासनिक भवन, सामुदायिक विद्यालय, क्याम्पस, इलाका प्रहरी कार्यालय लागएतका सरकारी कार्यालयहरुको लागि आवश्यक जग्गा व्यवस्थापन गर्न संघीय सरकार मार्फत पहल गरिनेछ।

५. संघीय सरकारको नीति बमोजिम भू उपयोग एन तथा नियमावली अनुसार हुने गरी आरुघाट गाउँपालिका क्षेत्रको भुमि बर्गिकरण कार्य सम्पन्न गर्दै क्रमश कार्यान्वयनमा लगिनेछ।

६. आरुघाट गाउँपालिकाको अन्य गाउँपालिका संग रहेको सिमा विवध समाधान गर्न समन्धित निकाय संग समन्वय गरिनेछ।

**सामाजिक विकास**

**क) शिक्षा**

१. आरुघाट गाउँपालिकाका शिक्षा सम्बद्ध सम्पूर्ण ऐन, नियम, कार्यविधिको पुनरावलोकन गरी आवश्यकता अनुसार संसोधन गरिनेछ। साथै विद्यालय एकीकरण तथा समायोजन, दरबन्दी मिलान तथा दरबन्दी पुनर्वितरणलाई प्राथमिकतामा राखिनेछ।

२. आरुघाट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार, गुणस्तर वृद्धिका लागि अनुगमनलाइ प्रभावकारी बनाइ विद्यालयहरुमा भौतिक संरचनाको निर्माण, विद्युतीकरण, इन्टरनेट जडान मार्फत प्रविधिमैत्री बनाइनेछ ।

३. विद्यालयमा अध्यापन गराउने महिला शिक्षक तथा कर्मचारी प्रसुती विदामा बस्नुपर्ने अवस्थालाई मध्यनजर गरी शैक्षिक क्षति न्यूनीकरणका लागि सट्टा शिक्षक/ कर्मचारी व्यवस्थापनमा ५०% अनुदानलाई निरन्तरता दिदै सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्यामा आएको न्यूनीकरणलाई कम गराउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि तालिम प्रशिक्षण लगाएका कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. स्थानीय आवश्यकतामा आधारित स्थानीय भाषा, कला संस्कृति, धार्मिक रितिरिवाज, पर्यटन, खेलकुद जस्ता विषयवस्तु समेटी आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी आगामी शैक्षिक सत्रबाट कक्षा १, ४, र ६ मा लागु गरिनेछ । कक्षा १-५ सम्मको स्थानीय पाठ्यक्रममा गुरुङ भाषालाई ऐच्छिक विषयको रुपमा संचालन गर्न पाठ्यक्रम निर्माण कार्यको थालनी गरिनेछ ।

५. आरुघाट गाउँपालिकामा रहेको एक मात्र सामुदायिक क्याम्पस भीमोदय बहुमुखी क्याम्पसमा सर्वसाधारणले सर्वसुलभ र सहज रुपमा शिक्षा प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्थापन गर्न ध्यान दिइनेछ । साथै भीमोदय बहुमुखी क्याम्पसलाई सरकारी क्याम्पसको रुपमा रुपान्तरण गर्न विशेष पहल गरिनेछ ।

६. आरुघाट गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गर्न कार्यविधि निर्माण गरी सोहि वमोजिम पुरस्कृत गरिनेछ ।

७. दिवा खाजा कार्यक्रमलाई अनुगमन गरी स्थानीय उत्पादनलाई प्राथमिकता दिदै विद्यालयमां जंक फुड (junk food) निषेध गरिनेछ ।

८. विद्यार्थीको अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको पहुँचलाई सुनिश्चित गर्नका लागि जलकुमारी माध्यमिक विद्यालय र भवानी माध्यमिक विद्यालयलाई आवसीय विद्यालयको रुपमा स्थापित गर्नका लागि पहल गरिनेछ ।

९. आरुघाट गाउँपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरु मध्ये गाउँपालिकाभर SEE परिक्षामा उत्कृष्ट बिद्यार्थीलाई रु. ५० हजार तथा अति विपन्न, अपांग तथा दलित तर्फका छात्रछात्राहरुलाई SEE मा B+ वा सो भन्दा माथिल्लो ग्रेडमा उत्तीर्ण भई प्राविधिक धार पढ्न चाहेमा एकपटकको लागि प्रति विद्यार्थी रु ५०,००० का दरले दिइदै आएकोलाई निरन्तरता दिइनेछ ।

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा व्यवस्थापकीय र प्रशासनिक पक्षमा सुधार ल्याउनका लागि गाउँपालिकाले प्रधानाध्यापक र प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. विद्यालय सीमा घेरा क्षेत्रबाट न्यूनतम २०० मिटर भित्र धुम्रपान, मद्यपान तथा मदिराजन्य पदार्थ बेचविखनमा रोक लगाइनेछ ।

१२. गण्डकी प्रदेश सरकारले ल्याएको Friday for Future कार्यक्रमलाई लागू गरिनेछ ।

१३. दैनिक शिक्षण क्रियाकलापलाई थप व्यवस्थित गर्न वर्षभरिमा गर्नुपर्ने कार्ययोजना, दैनिक पाठ्ययोजना, निरन्तर मुल्यांकन फारम, आन्तरिक मुल्यांकन फारम लगायतका विषय समेटेर शैक्षणिक योजना डायरी निर्माण गरी शिक्षकहरुलाई त्यसको अनिवार्य प्रयोगको लागि अभिप्रेरित गरिनेछ ।

१४. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विविध अतिरिक्त कृयाकलाप संचालन गरिनेछ । राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई संचालन गरिनेछ । असल अभ्यास गरी नमुना योग्य कार्य गर्ने विद्यालयलाई शैक्षिक सत्रको उत्कृष्ट विद्यालयको रुपमा पुरस्कृत गरिनेछ । त्यस्तै कक्षा ८ को गाउँपालिका स्तरीय वार्षिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिनेछ ।

१५. वडामा उच्चतम कक्षा सञ्चालन भएका विद्यालयहरुमा एक शिक्षक : एक ल्यापटप, एक कक्षाकोठा : एक प्रोजेक्टरको व्यवस्था गर्दै लगिनेछ ।

१६. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्नामा समाहित गर्न विद्यालय भर्ना अभियान तथा गाउँपालिकाले विद्यालय बाहिर रहेका बालबालिकाहरुको हकमा अभिभावकत्व लिइनेछ र निरन्तरता दिइनेछ ।

१७. सामुदायिक विद्यालय भित्रका सक्षम, योग्य र उत्कृष्ट करार शिक्षक छनौट गर्नको लागि गाउँपालिका स्तरीय करार शिक्षक छनौट समितिको पुनर्गठन गरी व्यवस्थित गरिनेछ । गाउँपालिकामा करार शिक्षकको नियुक्ति गर्नकालागि एकमुष्ट रुपमा शिक्षकहरुको परीक्षा लिई उत्तीर्ण शिक्षकहरुको रोष्टर तयार गरिनेछ ।

१८. आर्थिक रुपले विपन्न (नेपाल सरकारद्वारा विपन्न घरपरिवार भनि जारी प्रमाणपत्र) र अपांग (अपांग परिचयपत्र भएको) विद्यार्थीहरुका लागि शैक्षिक सामग्री वितरणलाई निरन्तरता दिइनेछ ।

१९. अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रणाली अन्तर्गतका सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालकको क्षमता अभिवृद्धि गरी सामुदायिक सिकाई केन्द्रमार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरुको एकिन गरी विद्यालय भर्नामा समाहित गर्न विद्यालय भर्ना अभियान तथा गाउँपालिकाले विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहल गरिनेछ भने सामुदायिक सिकाई केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरिनेछ।

२०. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, व्यवस्थापन समितिको छोराछोरीहरुलाई अनिवार्य रुपमा सामुदयिक विद्यालयमा पढाउनुपर्ने नीति लागु गरिनेछ ।

२१. कक्षा १२ चलेका विद्यालय तथा न्यूनतम ३०० जना विद्यार्थी संख्या भएका विद्यालयहरुलाई एक जना थप कार्यालय सहयोगीको व्यवस्था गरिनेछ ।

**ख) स्वास्थ्य**

१. नेपाल सरकारद्वारा संचालित सम्पूर्ण शसर्त कार्यकमहरुलाई पूर्ण रुपले कार्यान्वयन गर्दै सबै नागरिकहरुलाई बिमा कार्यक्रममा समाहित गरिनेछ । बिपन्न, दलित, अपांग र ज्येष्ठ नागरिकलाई क्रमश: स्वास्थ्य बिमा कार्यक्रमको दायरामा ल्याउन प्रोत्साहन गरिनेछ ।

२. स्वास्थ्य उपचार राहत कोषलाई निरन्तरता दिइनेछ । दिर्घ रोगीहरुलाई एक पटकका लागि दिदै आएको रु पच्चिस हजार उपचार खर्च आवश्यकता पहिचान गरेर मात्र दिइनेछ । साथै नेपाल सरकारले ल्याएको मृगौला प्रत्यारोपण गरेका,मृगौला डाइलाईसिस गराइरहेको,क्यान्सर पिडित तथा मेरुदण्डको पक्षघात भई औषधि खाई रहनु पर्ने बिरामीको लागि मासिक रु पाँच हजार दिने निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

३. आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत प्रसुती सेवालाई प्रोत्साहन गरि " घरमा प्रसुती शुन्य गर्न" तोके बमोजिम गर्भ जाँच गर्ने महिलाहरुको लागि " गर्भवती महिला को निशुल्क प्रयोगशाला परिक्षण "र "गर्भ जाँच गर्न आउँदा पोषण खर्च दिने " कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै सुत्केरी महिलालाई नि:शुल्क एम्बुलेन्स सेवा कार्यक्रम संचालनमा ल्याइनेछ । गर्भवती महिलाहरुको लागि ग्रामिण भिडियो एक्सरे कार्यक्रम निरन्तरता दिई ६८ बर्ष भन्दा माथिका ज्येष्ठ नागरिक एवं असक्त र अपांग ब्यक्तिहरुको सेवाको लागि नि:शुल्क स्वास्थ्य परिक्षणको लागि घर/टोलमा स्वास्थ्यकर्मी कार्यक्रम थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

४. आरुघाट गाउँपालिकालाई लागु औषध दुर्व्यसनीमुक्त गाउँपालिका घोषणा गर्न गाउँपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्था, युवा क्लब, नागरिक समाज, महिला समुह, महिला स्वास्थ्य स्वयंम सेविका मार्फत आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै आत्महत्या न्यूनीकरण गर्नका लागि नेपाल प्रहरी संगको साझेदारीमा समुदायस्तरमा अभियान संचालन गरिनेछ ।

५. आरुचनौटे प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरउन्नति गरी आरुघाट आधारभूत अस्पताल (१५ शैया) को रुपमा विकास गर्ने अवधारणा ल्याइनेछ । आरुघाट गाउँपालिकाको वडा नं १, २ र ३ लाई लक्षित गरी ५ शैयाको सामुदायिक अस्पताल संचालन गर्न पहल गरिनेछ ।

६. गाउँपालिका अन्तर्गत संचालित एम्बुलेन्स सेवालाई आवश्यक नियमन गर्दै बिकृतिहरुको न्यूनीकरण र बिग्रिएका एम्बुलेन्स मर्मत गरी संचालन योग्य बनाई एम्बुलेन्सलाई स्वास्थ्य संस्था केन्द्रित बनाइनेछ । आवश्यकताका आधारमा गरिव तथा बिपन्नहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने नीति बनाइनेछ ।

७. आँखा तथा दाँत लागएत रोगको उपचार, नियमित परीक्षणका लागि विभिन्न संघ संस्थाको समन्वयमा स्वास्थ्य शिविरहरु संचालन गरिनेछ । लायन्स क्लबको साझेदारीमा आरुचनौटे प्राथमिक स्वास्थ्य केन्द्रमा आँखा उपचार केन्द्र संचालनमा ल्याइनेछ ।

८. सरकारको मापदण्ड अनुसारको औषधिहरु निशुल्क उपलब्ध गरिनेछ । सामुदायिक स्वास्थ्य इकाई,आधारभूत स्वास्थ्य केन्द्रहरु बाट गुणस्तरीय सेवा प्रवाहको लागि अनुगमन र निरिक्षणलाई प्रभावकारी बनाई थप उपचार सामाग्री, स्वास्थ्य संस्था व्यवस्थापनको लागि आवश्यक फर्निचर र औषधीको ब्यबस्था गरिनेछ ।

९. प्रत्येक सामुदायिक बिद्यालयहरुमा प्राथमिक स्वास्थ्य सेवा किट र आपतकालिन अवस्थाको लागी कम्तिमा एक ओटाको दरले स्ट्रेचरको ब्यबस्था गरिनेछ। साथै सामुदायिक बिद्यालयहरुमा बिद्यालय शिक्षा कार्यक्रम संचालन गरि अध्ययनरत बिद्यार्थीहरुलाई प्रत्येक तिन महिनामा स्वास्थ्य परिक्षण गरि आवस्यक औषधी उपचार र प्रेषण गरिनेछ।

१०. महिला स्वास्थ्य स्वयं सेविका हरुलाई प्रोत्साहन गर्न प्रोत्साहन स्वरूप दिदै आएको सुबिधा निरन्तर गरिनेछ र महिला स्वास्थ्य स्वयं सेविका हरुलाई स्थलगत अनुशिक्षण गराईनेछ ।

११. गाउँपालिकाबासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ । गाउँपालिकाबासीहरुमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक, प्रर्बद्धनात्मक, निदानात्मक, सामान्य उपचार एवम चिकित्सीय सेवाको विस्तार र स्तरोन्नति गर्दै सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजननस्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

१२.सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा संचालनमा ल्याई गाउँबासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिस्चित गर्ने ।

१३.सुनौलो हजार दिनका आमाहरु संग उपाध्यक्ष भेटघाट कार्यक्रम गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाई**

१. गाउँपालिका भित्र संघीय तथा प्रदेश सरकारको समन्वय एवम सहकार्यमा संचालन भइरहेको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई प्रत्यक घर धुरीमा स्वच्छ र सफा खानेपानी पुर्याउन पहल गरिनेछ ।

२. गाउँपालिका भित्र संचालन भैरहेका लिफ्टिङ खानेपानी योजनालाई दर्ता प्रक्रियामा समाहित गराई गण्डकी प्रदेश सरकारको नीति अनुरुप विद्युत महशुलमा अनुदान उपलब्ध गराउन आवश्यक पहल कदमी लिइनेछ ।

३. आरुघाट गाउँपालिकाको वडा नं. ५, ६, ९ र १० मा देखिएको खानेपानी समस्या समाधान गर्न गाउँपालिकाको वडा नं. ५ र ६ (आप्रिक) क्षेत्रको मूलको पानी ल्याई समस्या समधान गर्न संघीय विशेष अनुदानको बजेट मार्फत निर्माण कार्य गरिनेछ । साथै मूल भएको आप्रिक क्षेत्रको आवश्यकता र सम्भावनाको आधारमा आवश्यक विकास गरिनेछ ।

४. आवश्यकताका आधारमा गाउँपालिका भित्रका सम्भावित खानेपानी आयोजनाहरुको DPR गरी संघ र प्रदेश सरकारसंग समन्वयमा खानेपानी आयोजना संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५. आरुघाट बजार क्षेत्र, आर्खेत बजार क्षेत्र, आरुटार र सोती बजारको फोहोर संकलन गरी डम्पिङ साइडमा पुर्याउन आवश्यक व्यवस्था गरिनेछ ।

६. आरुघाट गाउँपालिकाको वडा नं. ७ बाट सुरु भएको "फोहोरमुक्त: सरसफाईयुक्त वडा" घोषणा कार्यक्रमलाई गैर सरकारी संस्था, सामुदायिक सेवा केन्द्रको सहकार्यमा अन्य वडाहरुमा क्रमश विस्तार गर्दै लगिनेछ।

७. पानि प्रशोधन प्लान्टको स्तर उन्नति गरी मिनरल वाटर उत्पादन गर्ने कार्य गर्न अन्य स्थानीय तहको साझेदारीमा पहल गरिनेछ।

**घ) खेलकूद एवं युवा लक्षित कार्यक्रम**

१. गाउँपालिका भित्र पालिका स्तरीय र वडा स्तरीय खेलकुद मैदानको निर्माणलाई निरन्तरता दिईनेछ।

२. गाउँपालिकामा एक पालिका स्तरीय खेलकुद संघ स्थापना गरी गाउँपालिकाभित्र रहेका विभिन्न विधाका सम्भावना रहेका खेलाडीहरुलाई थप वृद्धि विकासका लागि प्रशिक्षण लगाएत क्षेत्रमा सहयोग गरिने वातावरण सृजना गरिनेछ।

३. गाउँपालिका भित्र रहेका विभिन्न विधाका राष्ट्रिय खेलाडीहरुको पहिचान गरी प्रोत्साहन र सम्मान गरिनेछ।

४. ब्याडमिन्टन खेललाई प्रभावकारी बनाउदै युवाक्लब संगको साझेदारीमा गाउँपालिका अध्यक्ष तेस्रो ब्याडमिन्टन कप आयोजना गरिनेछ।

५. युवा जनशक्तिलाई उत्पादनमुलक र रोजगार मुलक बनाउन इलेक्ट्रीसियन तथा प्लम्बिङ्ग लगाएतका सीपमुलक तालिमका लागि विभिन्न संघ संस्था संग साझेदारी गरिनेछ।

६. युवा रोजगारीलाई बढवा दिन उत्पादनमुलक व्यवसायमा लग्न प्रेरित गराउदै विदेशबाट फर्किएका सीप युक्त युवाहरुलाई व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरुको समन्वयमा आवश्यक पुंजी परिचालन गरिनेछ।

७. नेपाल प्रहरी, स्काउट, युवा क्लब, महिला समुह तथा सामुदायिक सेवा केन्द्रको सहकार्यमा किशोर किशोरीहरुलाई लक्षित गरी लागु औषध दुर्ब्यसनि, लैंगिक हिंसा, घरेलु हिंसा न्यूनीकरण गर्न सामाजिक सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

**ङ ) महिला, बालबालिका, अपांग एवं ज्येस्ठ नागरिक तर्फ**

१. गाउँपालिका भित्र रहेका सबै बर्गका महिला, बालबालिका, अपांग एवं ज्येष्ठ नागरिकहरुको हित संरक्षणको लागि विभिन्न लक्षित कार्यक्रमहरु कार्यान्वयन गरिनेछन। सबै समुहका गाउँपालिका स्तरीय संजाल गठनलाई पूर्णता दिइनेछ। साथै वडागत रुपमा एकल महिला समुह गठन गरी आय आर्जनका कार्यक्रमलाई जोड दिइनेछ।

२. सबै बर्गका महिलाहरुलाई लक्षित गरी आय आर्जन गर्न सकिने सिपमुलक एवं व्यवसायिक तालिमहरु बाट प्राप्त उपलब्धिको अनुगमन तथा निरिक्षण गरी सोही आधारमा थप लक्षित् कार्यक्रमहरु तय गरिनेछ। उनीहरुको सचेतना अभिवृद्धि गर्न आवश्यक तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ।

३. सबै खालको लैंगिक हिंसा अन्त्य गरी लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति कार्यक्रम कार्यान्वयन गरिनेछ। महिला, बालबालिका, बिपन्न, अल्पसंख्यक, आदिवासी जनजाती र सामाजिक बहिस्करणमा परेकाहरुको उत्थानको लागि आवश्यक बजेट सहित कोष स्थापना गरिनेछ।

४. परम्परागत रुपमा दलित वा शिल्पी समुदायले जीवन यापन गर्न अपनाएका पेशालाई व्यवसायिक उद्यमका रुपमा विकास गर्न प्रोत्साहन सहित पुंजी लगानीमा सहयोग गरिनेछ।

५. बालबालिकालाई शासन प्रक्रियाको बारेमा अभिमुखीकरण गराउने र बालबालिकाको वृत्तिविकासको क्षेत्रमा समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिका स्तरीय बालबिबाह न्यूनीकरण रणनीतिलाई कार्यान्वयन गरिनेछ। त्यस्तै बालबालिकाहरुको लागि स्काउट कार्यक्रमकोलागि निरन्तरता दिइनेछ।

६. अपांग तथा ज्येष्ठ नागरिकहरुको क्षेत्रमा आवश्यक किसिमका कार्यहरु संचालन गरिनेछन। ज्येस्ठ नागरिकको लागि मनोरंजन एवं बिश्रामस्थल निर्माणलाई थप वडाहरुमा विस्तार गरिनेछ।

७. आवश्यकता अनुसार घुम्ती शिविर संचालन गरी अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण र नविकरणलाई निरन्तरता दिई उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र संवर्द्धन गरिनेछ ।

**च) खस,/आर्य, आदिवासी/ जनजाति, दलित, मुश्लिम तथा अन्य लक्षित बर्ग तर्फ**

१. गाउँपालिकामा बसोबास गर्ने सबै समुदायको आवश्यक पालिका स्तरीय संजालहरु गठन गरी समन्वयको आधारमा आवश्यक परेका सिपमुलक, स्वरोजगार मुलक एवम उत्थानका कार्यक्रमहरु संचालन गरिनेछन ।

२. सबै किसिमका समुदायको भेषभुषा, कला, साहित्य,भाषा, धर्म एवं संस्कृतिको संरक्षण र संवर्धन हुने खालका कार्यक्रम संचालन गरिनेछ ।

**छ) गरिवी निवारण तर्फ**

१. गाउँपालिकाले संचालन गर्ने बिकास निर्माणको कार्यमा बिपन्न बर्गका व्यक्तिहरुलाई रोजगारी सृजना हुने वातावरण तयार पारिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न अत्यावश्यक र सान्दर्भिक योजना छनौट गर्ने र त्यसमा गाउँपालिकाबाट सह लगानी गरी प्रभावाकारितामा वृद्धि गरिनेछ ।

३. वेरोजगारलाई रोजगार, रोजगारलाइ स्वरोजगार कार्यक्रमलाइ निरन्तरताको साथ अझ प्रभावकारी बनाउदै लगिनेछ ।

**ज) समूह, संघ संस्था**

१. गाउँपालिकामा दर्ता भएका सबै संघ संस्था एवं समूहहरुको नियमन र क्षमता बिकासको कार्यलाई अगाडी बढाईनेछ। गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमको लागि गाउँपालिकाको पुर्व स्वीकृति लिई कार्यक्रम संचालन गर्नुपर्ने छ। संघ संस्थाहरु मार्फत लागत साझेदारीमा कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

२. गाउँपालिकाको विभिन्न कार्यक्रम र बिकास निर्माणको क्रियाकलापमा सहजीकरण गर्न , समाजमा रहेका विभिन्न विकृति तथा विसंगतिहरुलाई न्यूनीकरण गर्न सामाजिक सचेतना फैलाउने कार्यको लागि सबै वडाहरुमा टोल बिकास संस्थाको गठन गरी प्रभावकारी कार्यन्वयन गर्ने प्रबन्ध मिलाइने छ ।

३. गाउँपालिका भित्रका दलितहरुलाई शसक्तिकरण गर्नका लागि कार्यविधि बनाई दलित विकास समिति गठन गरिनेछ । साथै दलितहरुमा रोजगारी सिर्जना, सीप विकास गरी आय वृद्धि गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

**पुर्वाधार विकास**

**क) सडक, झोलुंगे पुल, भवन, बिद्युत तथा संचार**

१. गाउँपालिकाले केन्द्र एवं प्रदेश सरकारको लागत साझेदारीमा संचालन गर्ने भनिएका ठुला रणनीतिक सडक

- आरुघाट भन्ज्यांग- बाँसबोटे-तिरतिरे-सिस्नेरी-गैरीछाप सडक
- आरुघाट भन्ज्यांग हुँदै आरुटार-आरुआर्वांग-थुमी-स्वाँरा गाउँ देउराली- लापु सडक
- सोती-मान्बुबेशी-कटुन्जे-धुन्चेत-धोरत-यार्सा-काशीगाउँ-दोभान सडक
- मुरलीचोक-लामबगर-धारापानी-आरुपोखरी सडक
- अर्मला -स्याम्राङ्ग-देउराली-ठाटिबारी सडक
- आप्रिक चिसापानी(बारपाक सुलिकोट सडक)
- आर्खेत-डोडेनी-थुमी-बाँसपुर-धारापानी सडक
- गैरीस्वाँरा- अलैंचे-कल्लेरी- चुरुंग-लाकुरे- बाहुनबेशी - कल्छोडेभीर-ठाँटस्वाँरा सडक निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको केन्द्रसँग जोड्ने सबै वडास्तरीय सडकहरुको निर्माण र स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ ।

२. सडकको स्तरोन्नति गर्दा अनिवार्य रुपमा प्राकृतिक पानी ढलो अनुसार सडक नाली निर्माण गर्ने, ह्युम पाइप राख्ने कल्भर्ट तथा कज वे र सोलिंग गर्ने कार्यलाई प्राथमिकता दिने र सडक स्तरोन्नतिको कार्यमा अवरोध गर्नेहरुलाई प्रचलित कानुन बमोजिम दण्डित गरिनेछ। सडक निर्माण गर्दा वातावरणीय पक्षहरुको संरक्षणमा जोड दिईनेछ। कुनै पनि सडक निर्माण गर्दा क्षति पुग्ने निर्मित संरचनाहरुको व्यवस्थापन सोही आयोजनाबाट हुनुपर्ने व्यवस्थालाई लागु गरिनेछ। गाउँपालिका भित्र संचालनमा रहेका स्तरीय सडकको बर्षातको समयमा हेरबिचार गर्न कार्यविधि अनुरुप सडक हेरालुको व्यवस्था गरिनेछ।

३. गाउँपालिका केन्द्र र वडा जोड्ने सडकलाई मुख्य प्राथमिकता दिई १२ महिना नै संचालन योग्य बनाउनको लागि बजेट बिनियोजन गरिनेछ। अति आवश्यक भएको खण्डमा मात्र नयाँ सडक निर्माण कार्य गरिनेछ। रणनीतिक महत्वका ठुला सडकहरुको मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४. गाउँपालिकाको आवश्यक स्थानहरु मा झोलुंगे पुल निर्माण गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरी कार्यान्वयन गरिनेछ । पालिकाभित्र निर्माण भएका सबै झोलुंगे पुलहरूमा पुल हेरालुको व्यवस्थालाई निरन्तरता दिइनेछ।

५. गाउँपालिका भित्रका सबै वडाहरुको भवन निर्माण सम्पन्नता गर्नका लागि जग्गा व्यवस्थापन गरी निर्माण कार्यको थालनी गरिनेछ। साथै भवन निर्माण सम्पन्न भएका वडा कार्यालयहरुको आवश्यक मर्मत सुधार, घेराबार, सडक पहुँचको व्यवस्थापन गरिनेछ।

६. गाउँपालिका भित्र भवन निर्माणको लागि नक्सा पास गर्ने प्रावधान र बनिसकेका घरहरुको अभिलेखीकरण कार्यक्रमको लागि आवश्यक मापदण्ड निर्माण गरी सुरुवात गरिनेछ।

७. गाउँपालिका भित्र हालसम्म पनि बिद्युत वितरणको लाइन पुर्याउन नसकिएका घरधुरीहरुमा केन्द्रीय बिद्युत प्रसारण लाईन बिस्तारमा जोड दिइनेछ र बजार क्षेत्रमा सडक बत्तिको प्रबन्धलाई थप विस्तार गरिनेछ।

८. केन्द्रीय विद्युत प्रसारण लाइन विस्तारको क्रममा स्थानीयस्तरमा देखिएको समस्याको समाधानको लागि समबन्धित निकायसँग आवश्यक पहल गरिनेछ। सामुदायिक एवं निजिस्तरबाट संचालित विद्युतीकरणमा देखिएका समस्यालाई निराकरण गर्न केन्द्रीय बिद्युत प्रसारणतर्फ जोड दिइनेछ।

९. गाउँपालिकाको वडा कार्यालय, स्वास्थ्य संस्था, बिद्यालय एवं सबै टोल तथा बस्तीहरुमा इन्टरनेट सेवाको पहूँच पुर्याउन सरोकारवालाहरुको समन्वयमा पहल गरिनेछ।

**वातावरण तथा विपद ब्यवस्थापन**

१. गाउँपालिकाभित्र सबै सरोकार पक्षहरुसँग समन्वय गरी सामुदायिक बन तथा राष्ट्रिय बनको संरक्षण र उपयोग गर्नमा पहल गरिनेछ। सामुदायिक बन उपभोक्ता समितिहरुलाई कानुनी निर्माण गरी सोही अनुरुपको नियमन प्रक्रियामा ल्याईनेछ।

२. बिकास निर्माण स्थल एवं अन्य आवश्यक स्थानमा बाढी एवं पहिरो रोकथाममा सहयोग गर्ने घाँस तथा बिरुवा लगाउनमा जोड दिइनेछ। गाउँपालिका भित्रको सिमसार क्षेत्र, पानीको मुहान एवं अन्य जलाधारयुक्त क्षेत्रको संरक्षण गरिनेछ। खोला एवम नदीजन्य पदार्थको उत्खनन र प्रयोग कानुन बमोजिम मात्र गरिनेछ।

३. जलवायु परिवर्तनका प्रभावहरुलाई बिशेष ख्याल गर्दै यससँग अनुकुलन हुने उपायहरुको खोजि गर्दै यसबाट हुने क्षतिको न्यूनीकरणका उपायहरु पहिल्याई त्यसको उचित अवलम्बन गरिनेछ।

४. गाउँपालिकामा विपद तथा प्राकृतिक प्रकोपबाट सिर्जना हुन सक्ने समस्याको रोकथाम, पूर्वतयारी र प्रतिकार्यको कामलाई प्रभावकारी बनाउन गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति, वडा स्तरीय विपद व्यवस्थापन समिति, नेपाल प्रहरी, रेडक्रस, स्काउट र बिभिन्न सामुदायिक संस्थाहरु बीच सहकार्य र समन्वय गरिनेछ। आरुघाट गाउँपालिका वडा नं. १ मा रहेको स्यामचेत पहिरो, वडा नं. ७ को भ्यागुते पहिरो, वडा नं. ३ मा रहेको

भलाक पहिरोको, वडा नं. २ को छतिवन, वडा नं. ५ को आर्वाङ्ग र भल्छोपे, वडा नं. ६ को ठाडस्वाँरा लगाएतका पहिरो रोकथाम तथा नियन्त्रणको लागि प्रदेश सरकारका सम्बन्धित निकाय संग आवश्यक समन्वय गरिनेछ ।

५. गाउँपालिकामा जोखिममा रहेका बस्तीहरुको पहिचान गर्दै तिनीहरुको संरक्षण र स्थानान्तरण गर्नमा पहल गरिनेछ।

६. आर्खेत बजार, सोती बजार बाढी नियन्त्रण एवं बजार संरक्षणको लागि पहल गरिनेछ ।

**संगठन तथा प्रशासन ,सुशासन,पारदर्शिता /सेवा प्रवाह**

१. गाउँपालिका एवम वडा कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, प्रविधिमैत्री र पारदर्शी बनाउँदै लगिनेछ । बिकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवर्धन गरिनेछ । महालेखा परीक्षकको प्रतिवेदनले औल्यायका बेरुजुलाई न्यूनीकरण गर्दै नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुलाई नियमित गराउने र असुल गर्नुपर्ने बेरुजुलाई असुल गर्दै लगिनेछ ।

२. गाउँपालिका एवं वडा कार्यालयबाट संचालित हुने योजनाहरुलाई प्रतिफलयुक्त बनाउन टुक्रे योजनाहरु नबनाई उत्पादनमुलक, छिटो प्रतिफल प्राप्त हुने, दिगोपन हुने र सहभागितामुलक योजना तर्जुमालाई प्राथमिकता दिइनेछ। गाउँपालिकामा निर्माण कार्यको गुणस्तरता मापन गर्ने उद्देश्यले एक पूर्वाधार ल्याबको स्थापना गरिनेछ ।

३. गाउँपालिका एवं वडाकार्यालयहरुमा संगठन तथा व्यवस्थापन ( O&M ) सर्भे प्रतिवेदनको आधारमा आवश्यक रहेको कर्मचारीको व्यवस्थापन गरिनेछ । सबै वडाहरुमा प्राविधिक कर्मचारी खटाइ योजनाका लागत अनुमान तयार गर्ने, वडा स्तरीय अनुगमनलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका एवं वडा कार्यालय र अन्य बिषयगत कार्यालयहरुमा कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता बिकास तालिम, पुरस्कार, र प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ ।

४. गाउँपालिकाबाट संचालन हुने योजनाहरुमा जनसहभागिता तथा जनश्रमदानलाई प्रवर्धन गर्न वडागत रुपमा वडाध्यक्षको नेतृत्वमा श्रमदान अभियानको थालनी गरिनेछ ।

५. सामाजिक सुरक्षा एवम पंजीकरण व्यवस्थापन अन्तर्गत सबै वडाहरुमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनिवार्य रुपमा लागु गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई वित्तीय प्रणाली मार्फत लाभग्राहीहरुको नजिकबाट वितरण हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६. वित्तीय व्यवस्थापनलाई चुस्त बनाउनको लागि पहल गरिनेछ । गाउँपालिका एवं वडा कार्यालयहरुमा उठ्ने राजश्वलाई कम्प्युटर प्रणाली मार्फत हुने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

७. गाउँपालिकाको न्यायिक समितिबाट हुने कार्य एवं वडामा मेलमिलाप समितिबाट हुने कार्यलाई थप व्यवस्थित बनाउन वडामा मेलमिलाप समितिको प्रभावकारी कार्य संचालनको लागि न्यायिक समिति र मेलमिलाप समितिलाई थप तालिमको व्यवस्थापन गरी मेलमिलापकर्तालाई नियमानुसार आफ्नो कार्यसम्पादनको आधारमा सेवा सुबिधा उपलब्ध गराइनेछ ।

८. न्यायिक समितिको क्षेत्र अधिकार भित्र रहेको कामकारबाहीलाई न्यायोचित र प्रभावकारी ढंगबाट अगाडी बढाउन कानुनी सल्लाहकारको व्यवस्थापन गरी उजुरी प्रशासकको रुपमा कर्मचारीको पनि व्यवस्थापन गरिनेछ ।

९. कानुन, न्याय र द्वन्द रुपान्तरण सम्बन्धी वडागत रुपमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा गाउँपालिकाको सबै जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, बुद्धिजीवी, शिक्षक र जनसमुदायको साथ र सहयोग रहने अपेक्षाका साथ यो नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्नुहुने सबैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु,

धन्यबाद, नमस्कार ।

**जय आरुघाट !!!**